प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अभियानमुखी फलफूल वृक्षारोपण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावनाः** मुलुकमा फलफूल आयातको परिमाण बृद्धि भईरहेको सन्दर्भमा यस प्रदेशको भौगोलिक तथा हावापानीको विविधताको उपयोग गरी फलफूल बालीको क्षेत्र बिस्तार र व्यवसायिक उत्पादन तथा उत्पादकत्व वृद्धि मार्फत फलफूल आयात प्रतिस्थापन गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"अभियानमुखी फलफूल वृक्षारोपण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले मन्त्रालयको अभियानमुखी फलफूल वृक्षारोपणसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ख) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(ग) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) **"बिरुवा"** भन्नाले हिउँदे र वर्षे फलफूल तथा अन्य विभिन्न प्रकारका उच्च मूल्यका वहुबर्षीय बिरुवा वा वेर्ना सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"साझेदार"** भन्नाले स्थानीय तह, कृषक समूह, कृषि सहकारी, नीजि फर्म, सामुदायिक वन, टोल सुधार समिति, आफै उत्पादन गर्ने कृषक वा निजी कृषि उद्यमी सम्झनु पर्छ ।

(ज) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः

(क) निजी, सार्वजनिक, गुठी, सामुदायिक तथा कबुलियती वन क्षेत्रहरु, खाली रहेका जग्गा जमिन र निजी तथा सार्वजनिक जग्गा जमिनमा अभियानका रुपमा फलफूल बालीको वृक्ष रोपण गरेर फलफूलको क्षेत्र विस्तार साथै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) फलफूलको उपभोगस्तर बढाई सर्वसाधारणको खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउने,

मा. दावा दोर्जे लामा
मन्त्री

(ग) भू-क्षय र प्रदुषण नियन्त्रण साथै वातावरणीय संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउने ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन

४. **सूचना प्रकाशन र आवेदन माग**: (१) केन्द्रहरुले वृक्षारोपण गर्नको लागि स्थानीय हावापानी, सिजन तथा आवश्यकताका आधारमा फलफूलको प्रकार र क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) निर्देशनालयले कार्यक्रम सञ्चालन गर्नको लागि ईच्छुक साझेदारबाट आवेदन माग गर्न न्यूनतम तीस दिनको म्याद दिई अनुसूची -१ वमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक साझेदारले अनुसूची -२ अनुसारको आवेदन र सोहि अनुसूचीमा माग गरेको कागजात, अनुसूची -३ अनुसारको विवरण र अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र सहित सम्बन्धित केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ।

(३) निर्देशनालयले फलफूल रोपण गरिने विभिन्न सिजनलाई (हिँउदे र वर्षे फलफूल) लक्षित गरेर आवश्यकता अनुसार पटक पटक उपदफा (२) बमोजिमको सूचना प्रकाशन गर्न सक्नेछ।

(४) निर्देशनालयले जिल्लाको आवश्यकता, माग तथा स्वीकृत कार्यक्रम र बजेटको आधारमा सम्बन्धित कृषि ज्ञान केन्द्रलाई लक्ष्य निर्धारण र बजेट बाँडफाड गरी पठाउनुपर्नेछ ।

५. **मूल्याङ्कन समितिः** अभियानमुखी फलफूल वृक्षारोपण कार्यक्रम सहजीकरणका लागि केन्द्रमा देहाय बमोजिम मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र | संयोजक |
| (ख) प्रमुख, खरिद ईकाइ, केन्द्र | सदस्य |
| (ग) प्रा.स.(बागवानी/कृषि प्रसार), केन्द्र | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र | सदस्य |
| (ङ) बागवानी हर्ने अधिकृत, केन्द्र | सदस्य-सचिव |

६. **मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** (१) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि ज्ञान केन्द्रमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि ज्ञान केन्द्रमा पेश गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

(२) समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

**सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र केन्द्रले अनुसुची -५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदारसँग सम्झौता गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निर्देशनालय तथा ज्ञान केन्द्रले गर्नेछ । साथै आवश्यकता अनुसार मन्त्रालयले गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन ज्ञान केन्द्र तथा निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

९. **भुक्तानी प्रक्रियाः** (१) छनौट भएका साझेदारहरुले आफूलाई आवश्यक बिरुवाहरु आफै खरिद गर्नुपर्नेछ ।केन्द्रले बिरुवा खरिदमा नेपाल सरकारले तोकेको दररेट अनुसार मात्रै अनुदान उपलब्ध गराउने छ र बिरुवा खरिद बाहेक बिरुवा ढुवानी, जग्गा तयारी, मलखाद, विषादी लगायतका क्रियाकलापहरुमा कुनै पनि किसिमको अनुदान केन्द्रले उपलब्ध गराउने छैन। बिरुवा खरिद गर्दा साझेदारले गुणस्तर कायम भएका आवश्यक बिरुवाहरु सकेसम्म सरकारी फार्महरुबाट खरिद गर्नु पर्नेछ । यदि सरकारी फार्महरुबाट बिरुवा उपलब्ध नभएको खण्डमा व्यवसायिक तथा निजी नर्सरीहरुबाट गुणस्तरीय बिरुवा खरिद गर्नुपर्नेछ र सोको जानकारी अविलम्ब केन्द्रलाई गराउनुपर्नेछ ।

(२) खरीद गरी भुक्तानीको लागि सक्कल बील, भर्पाई, बिरुवा लगाउनु पुर्व सो स्थानको फोटो, बिरुवा लगाएको स्थानको फोटो र आवश्यक अन्य कागजात पेश भएको सात (७) दिन भित्र केन्द्रको बागबानी बिकास अधिकृत वा प्रमुखले तोकेको अधिकृतले स्थलगत अनुगमन, निरीक्षण तथा अध्ययन गरी प्रतिवेदन वा स्थानिय तहको सिफारिश सहित भुक्तानीका लागि केन्द्रमा सिफारिश गर्नेछ ।

(३) सिफारिशको आधारमा केन्द्रले नेपाल सरकारले तोकेको मूल्यको शत प्रतिशत (१००%) अनुदान रकम साझेदारको बैंक खातामा भुक्तानी दिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(४) साझेदारले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद -४

## विविध

१०. **प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

११. **संशोधन**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१२. **कारवाहीको व्यवस्था**: साझेदारले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

## साझेदारको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः.....................

कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुरको आ.व. ............ को स्वीकृत अभियानमुखी फलफूल वृक्षारोपण अन्तर्गत कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तह, कृषक समूह, कृषि सहकारी, नीजि फर्म, सामुदायिक वन, आफै उत्पादन गर्ने कृषक र कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको ३० औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी अनुसूची -२ अनुसारको आवेदन तथा सोही अनुसूचीमा माग गरेको कागजात सहित आवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः** अभियानमुखी फलफूल वृक्षारोपण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -२
( दफा ४ सँग सम्बन्धित)
**आवेदन फाराम**

मितिः

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र,
...................................... ।

विषयः फलफूलको बिरुवा अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/ हामीलाई कृषि क्षेत्रमा उपयोग गर्नका लागि अभियानमुखी फलफूल वृक्षारोपण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार मिति........................प्रकाशन गरिएको सूचनाको आधारमा आवश्यक परेको फलफूलको बिरुवा अनुदानमा उपलब्ध गराई दिनु यो निवेदन पेश गरेका छु / छौ ।

संलग्न कागजातहरुः
१. रु.१०।-को टिकट टाँस गरेको अनुसूची -२ अनुसारको आवेदन,
२. कम्तीमा एक रोपनी जग्गामा खेती गर्ने हुनुपर्नेछ,
३. कृषक समूह, कृषि सहकारी, नीजि फर्म, सासुदायिक वनको अद्यावधिक दर्ता/ नविकरण/ कर चुक्ता / स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपी (कृषि सहकारी, नीजि फर्मको हकमा लागु हुने),
४. बिरुवा/बेर्ना माग सम्वन्धी बैठकको निर्णयको प्रतिलिपी,
५. बिरुवा लगाउने क्षेत्रफल खुल्ने जग्गाको कागजात (आफ्नो वा लिजमा लिएको) र फाटो,
६. आवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
७. अनुसूची -३ अनुसारको विवरण फारम,
८. अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र ।

निवेदक
दस्तखत :
नाम :
ठेगानाः
साक्षेदारको नामः
छापः

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -३
(दफा ४ सँग सम्बन्धित)
विवरण फाराम

१. साझेदारको नाम :
२. ठेगाना: जिल्ला ................ गा.पा./न.पा. ................ वार्ड नं..........
गाउँ/टोलको नाम:..............................
३. बेर्ना/बिरुवा माग सम्बन्धि विवरण:

| क.सं. | कृषक समुह/कृषि सहकारी/ कृषि उद्यमी/निजी फर्म को नाम | ठेगाना | फलफूलको प्रकार | बिरुवा/बेर्ना माग संख्या | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

हस्ताक्षर :
नाम :
पद :
सम्पर्क न.
छाप:

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -४

(दफा ४ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुरको मिति............................को सूचना अनुसार अभियानमुखी फलफूल वृक्ष रोपण कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं ।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । बिरुवा लगाएपछि ९० प्रतिशत भन्दा कम मात्र जीवित भएमा आगामी वर्षमा पुनः थप गर्ने छु/छौं ।कार्ययोजना अनुसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आवेदकको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -५
दफा ७ सँग सम्बन्धित)

**सम्झौता पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,............बाट सञ्चालन हुने चालु आ.व.को अभियानमूखी फलफूल वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने मिति.......................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ......................................... को प्रस्ताव छनौट भएका हुँदा कृषि ज्ञान केन्द्र,........................ ( यस पछि प्रथम पक्ष भनिने ) र ............................ कृषि समूह/फार्म/कम्पनी/सहकारी/सामूदियक वन (यस पछि दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

**तपशिलः**

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ।
२. प्रथम पक्षले फलफूल बिरुवा खरिदमा नेपाल सरकारले तोकेको मूल्यमा १००% अनुदान रकम दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।
३. दोश्रो पक्षले खरिद गरेको बिरुवा नेपाल सरकारले तोकेको भन्दा अधिक भयो भने सो अधिक रकम दोश्रो पक्षले व्यहोर्ने छ ।
४. दोश्रो पक्षले गुणस्तरीय तथा विकसीत जातका बिरुवाहरु खरिद गर्नु पर्नेछ ।
५. प्रथम पक्षले तोकिएको मापदण्ड अनुसार बिरुवाहरु सकेसम्म सरकारी फार्महरुवाट खरिद गर्नु पर्नेछ ।
६. सरकारी फार्महरुमा बिरुवा उपलब्ध नभएको खण्डमा प्रथम पक्षले सुचिकृत गरेको व्यवसायिक तथा निजी नर्सरीहरुवाट खरिद गर्नुपर्नेछ र सोको जानकारी अविलम्ब प्रथम पक्षलाई गराउनु पर्नेछ ।
७. दोश्रो पक्षले सक्कल बील, भर्पाई, बिरुवा लगाउनु पुर्व सो स्थानको फोटो, बिरुवा लगाएको स्थानको फोटो र आवश्यक अन्य कागजात पेश भएको प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।
८. प्रथम पक्षले स्थलगत अनुगमन, निरीक्षण तथा अध्ययन प्रतिवेदनका आधारमा दोश्रो पक्षको बैंक खातामा भुक्तानीका गर्नेछ ।
९. दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
१०. दोस्रो पक्षले सम्झौता बमोजिमको अभियानमूखी फलफूल वृक्षारोपणका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
११. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
१२. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

**दोश्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

साझेदारको छापः

**रोहवर**

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

साझेदारको छापः

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।

:-